# सार्वजनिक सुनुवाई प्रतिवेदन

सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम : भगीरथ अवस्थी

ठेगाना : सुर्नया ६ बैतडी

सुनुवाई गरिएका बिषयवस्तु

क) डिलाशैनी गाउँपालिकाले प्रदान गर्ने सेवा

ख) डिलाशैनी गाउँपालिकाद्वारा संचालित कार्यक्रम

ग) डिलाशैनी गाउँपालिकाले अंगिकार गरेका रणनीति

घ) जनप्रतिनिधिहरु मार्फत एक बर्षको अवधिमा गरिएको काम

कार्यक्रम आयोजना स्थल : डिलाशैनी गाउँपालिकाको सम्पर्क कार्यालय, रुद्रेश्वर बैतडी

कार्यक्रम आयोजना गरिएको मिति : २०७५ असार ३० गते

कार्यक्रम संचालन गरिएको अवधि : ४ घण्टा

सार्वजनिक सुनुवाईको उद्देश्य : डिलाशैनी गाउँपालिकाले आर्थिक बर्ष २०७४/७५ मा सम्पादन गरेका कामहरुको बारेमा सबैलाई जानकारी गराउने उद्देश्यले सार्वजनिक सुनुवाईको आयोजना गरिएको हो । गाउँपालिकाले सम्पादन गरेका कामहरुलाई प्रभावकारी र पारदर्शी बनाउनका लागि सार्वजनिक सुनुवाईको आयोजना गरिएको हो ।

क्रियाकलाप : रेडियो निंगलाशैनीले सार्वजनिक सुनुवाई गर्दा सबै वडाका नागरिकलाई आमन्त्रण गरेर सुनुवाईको सञ्चालन गरेको थियो । करीब एक हप्ता अघिदेखि सार्वजनिक सुनुवाईको बिषयमा रेडियोले सूचना प्रशारण गरेको थियो भने सबै जनप्रतिनिधिहरुलाई आमन्त्रण गरेको थियो । जनप्रतिनिधिहरुको उपस्थितीमा नागरिकका प्रश्न र जनप्रतिनिधिका जवाफ खोजिएको थियो ।यस्तै नागरिकले उठाएका प्रश्नको कर्मचारीहरुले पनि जवाफ दिएका थिए ।

उठेका प्रश्न,जिज्ञासा र उत्तर

| क सं | प्रश्नकर्ता,गुनासो गर्ने वा सुझाव दिनेको नाम,थर र ठेगाना | सहभागीको प्रश्न /गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | नरेन्द्र नाथ | गाउँपालिकाले कृषि क्षेत्रमा गरिरहेको काम | जनकबहादुर सिंह (कृषि शाखा प्रमुख) | चालु आर्थिक बर्षमा कृषि शाखाले किसान लक्षित कार्यक्रम सञ्चालन गरेको, फलफूलका बिरुवा वितरण गरेको, प्लास्टिक हाउस वितरण गरेको |
| २ | प्रजापति जोशी डिलाशैनी ७ | गाउँपालिकामा शिक्षा क्षेत्रको सुधारकालागि भईरहेको प्रयास | उकेन्द्र बोहरा ( गाउँपालिका अध्यक्ष ) | गाउँपालिकाले शिक्षा कार्यविधि पारित गरेको र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि गाउँपालिकाले पहल गरिरहेको । |
| ३ | नरबहादुर माल डिलाशैनी ६ | पुरानै शैलीमा काम हुनुको कारण, सबैको पहुँच हुन नसक्नुको कारण | उकेन्द्र बोहरा ( गाउँपालिका अध्यक्ष ) | नयाँ संरचना भएकाले केही समस्या भएको र अबका दिनमा गाउँपालिकाले प्रदान गर्ने सेवाहरुलाई प्रभावकारी बनाउने प्रयास गर्ने |
| ४ | दिलेन्द्र प्रसाद जोशी डिलाशैनी ७ | सम्पर्क कार्यालय मार्फत | उकेन्द्र बोहरा ( | गाउँपालिकाको केन्द्र सम्म |

| | | | | |
|---|---|---|---|---|
| | | काम गर्नुको कारण | गाउँपालिका अध्यक्ष ) | सडक नपुगेकाले गाउँपालिकाले गर्ने कामलाई सहज बनाउन सम्पर्क कार्यालय स्थापना गरिएको र केन्द्रमा सडक पुग्ने बित्तिकै केन्द्रमै कार्यालयको काम गर्ने |
| ५ | सुदीप बोहरा डिलाशैनी ३ | गाउँपालिकाले सञ्चालन गरेका विकास निर्माणका कामहरु | चन्द्रदेव जोशी (प्रमुख प्रशासकीय अधिकृत ) | गाउँपालिकाले गाउँसभाबाट पारित गरेका योजनाहरु चालु आर्थिक बर्षमा सम्पन्न भएका । धेरैजसो योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न भएका छन् । |
| ६ | अमरदेव भट्ट | पशु शाखाले चालु आर्थिक बर्षमा गरेका कामहरु | शंकर बोहरा | पशु शाखाबाट किसानहरुका लागि उन्नत जातको बाखा वितरण गरेको |
| ७ | नन्दराम वड | लक्षित बजेट र न्यायिक समितिले गरिरहेका कामको बारेमा | पार्वती भण्डारी राना ( उपाध्यक्ष ) | चालुआर्थिक बर्षमा अलगै बजेटको व्यवस्था नगरेको भएपनि आगामी आर्थिक बर्षका लागि लक्षित बजेटको व्यवस्था गरिएको छ। न्यायिक समितिले एक बर्षको अवधिमा खासै काम गर्न नपाएको र अब कार्यविधि बनाएकाले सजिलो हुने । |

प्रतिवेदन दिएको मिति : २०७५ असार ३२ गते सुनुवाई संयोजकको दस्तखत :